# मल्लरानी गाउँपालिका को सडक मर्मत तथा सडक मर्मतसम्भारकर्ता (लेन्थवकर्‍स ) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७९ (पहिलो संशोधन)

**संशोधन मितिः २०८१/०४/०३**

**प्रस्तावना**

मल्लरानी गाउँपालिकाको स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक मर्मत सम्भार कार्यलाई ब्यबस्थित गर्न मल्लरानी गाउँपालिका ले यो **"मल्लरानी गाउँपालिका को सडक मर्मत तथा सडक मर्मतसम्भारकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि** २०७९" (पहिलो संशोधन) बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम **"मल्लरानी गाउँपालिका को सडक मर्मत तथा सडक मर्मतसम्भारकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७९"(पहिलो संशोधन)** रहेको छ।

ख. यो कार्यविधि मल्लरानी गाउँकार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः—

क) **"गाउँपालिका"** भन्नाले मल्लरानी गाउँपालिका लाई सम्झनु पर्दछ ।

ख) **"कार्यालय"** भन्नाले मल्लरानी गाउँपालिका को कार्यालयलाई सम्झनु पर्दछ ।

ग) **"समिति"** भन्नाले मल्लरानी गाउँपालिका को यस कार्यविधि बमोजिम गठित सडक मर्मत ब्यबस्थापन समितिलाई सम्झनु पर्दछ ।

घ) **"सडक मर्मतसम्भारकर्ता"** भन्नाले मल्लरानी गाउँपालिका भित्र सञ्तालनमा रहेका स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकलाई अवरोध हुन नदिने र सडक नियमित रुपमा मर्मत सम्भारगरि गुणस्तरीय बनाउने प्रयोजनका लागि गाउँपालिकाबाट यस कार्यबिधि बमोजिम आवधिक रुपमा करारमा नियुक्त श्रमिकलाई सम्भनु पर्छ ।

ङ) **"वडा प्राविधिक"**भन्नाले सडक मर्मतको लागि नाइके, सडक मर्मतसम्भारकर्तालाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई कार्य सम्पादनको मूल्याकङ्क गर्ने समेतको जिम्मेवारी तोकिएको सम्बन्धित वडाको प्राविधिक सम्झनुपर्छ।

च) **"करार"** भन्नाले मल्लरानी गाउँपालिका ले अस्थायी रुपमा सडक मर्मतसम्भार कर्ता नियुक्त गर्ने सम्वन्धमा गाउँपालिका र सडक मर्मतसम्भारकर्ता बीच भएको आवधिक सम्झौता लाई सम्झनु पर्दछ ।

छ) **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ

ज) **"कार्यपालिका"** भन्नाले मल्लरानी गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

झ) **"गाउँ सभा"** भन्नाले मल्लरानी गाउँपालिका को सभा सम्झनुपर्दछ।

ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

ट) **"तोकिएको" वा "तोकिए वमोजिम"** भन्नाले गाउँ कार्यपालिकाको समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ठ) **"नाइके"** भन्नाले सडक मर्मतसम्भारकर्तालाई परिचालन गर्ने समेतको जिम्मेवारी पाएको सडक मर्मतसम्भारकर्ता समूहको नाइके सम्झनु पर्छ।

## परिच्छेद २

## सडक मर्मतसम्भारकर्ताको ब्यवस्थापन र सञ्चालन

**३.सडक मर्मतसम्भारकर्ताको ब्यवस्थापनः** (१) गाउँपालिकाको गाउँसभाबाट बिनियोजित बजटे र कार्यक्रमको परिधि भित्र रही सडक मर्मतसम्भारकर्ताको ब्यवस्स्थापन रेखदेख र अनुगमनका लागि सडक मर्मत व्यवस्थापन समिति, सडक प्राविधिक र नाइके तथा सडक मर्मतसम्भारकर्ताको ब्यवस्था गरिनेछ ।

**४. सडक मर्मतसम्भारकर्ता व्यवस्थापन समितिः**(१) मल्लरानी गाउँपालिका भित्रका स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्न सडक मर्मतसम्भारकर्ता ब्यवस्थापन समिति रहनेछ

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

गाउँपालिका उपाध्यक्ष - संयोजक

गाउँपालिकाको पूर्वाधार बिकास समितिको संयोजक - सदस्य

गाउँकार्यपालिकाले तोकेको प्रतिनिधी - सदस्य

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

गाउँपालिकाको पूर्वाधार बिकास शाखा प्रमुख -सदस्य सचिव

**५. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क.गाउँपालिका भित्रका सडकहरुको अवस्थाको अनुगमन गर्ने ।

ख.आवश्यक सडक मर्मतसम्भारकर्ताको संख्या एकिन गरि स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्ने ।

ग.गाउँ कार्यपालिकाबाट स्वीकृत संख्या (दरवन्दि) बमेजिमको सडक मर्मतसम्भारकर्ता आपूर्तीका लागि बिज्ञापन प्रकाशित गर्न कार्यालयलाई लेखि पठाउने।

घ. ईच्छुक उम्मेदवार लाई वडावाट दरखास्त संकलन गरी वडा समितिको सिफारिस वमोजिम समझौता गर्न कार्यालयलाई अनुरोध गर्ने ।

ङ. सडक मर्मतसम्भारकर्ता र वडा प्राविधिकको अनुगमन गर्ने ।

च. सडक मर्मतसम्भारकर्ताको कार्य सम्पादन सन्तोषजनक नरहेको भनि वडा प्राविधिकबाट प्रतिवेदन प्राप्त भएमा निज संग स्पष्टिकरण माग गरि सो को जाँचबुझ गरि कार्य सम्पादन सन्तोषजनक नरहेको पाइएमा निजलाई पदवाट हटाउनका लागि कार्यालयमा लेखि पठाउने ।

छ.गाउँपालिका भित्रका सडकको गुणस्तरीयताका लागि गाउँ कार्यपालिकालाई आवस्यक सुझाव दिने ।

ज.कार्यसम्पादनमा आधारित भुक्तानीको मापदण्ड बनाई लागु गर्ने ।

झ. गाउँकार्यपालिकाले दिएको निर्देशनको पालना गने ।

**६. वडा प्राबिधिक रहने**

(१) समितिको निर्देशनमा रही सडक मर्मतसम्भारकर्ता र नाइकेको परिचालन गर्न वडा प्राबिधिक रहने छ।

(२) वडा प्राबिधिकका काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

ग) सडक मर्मतसम्भारकर्ताहरुको कम्तिमा ४ र बढिमा १० जना मध्येबाट नाइकेको छनोटका लागि समितिमा सिफारिश गर्ने ।

घ) नाइके सडक मर्मतसम्भारकर्ता मार्फत सडक मर्मतसम्भारकर्ता परिचालन गर्ने ।

ङ) सडक मर्मतसम्भारकर्ताहरुको कार्य सम्पादन मूल्याङ्कन गरी पारिश्रमिक भुक्तानीको लागि सिफारिस गर्ने ।

च) सन्तोषजनक कार्य सम्पादन नभएका सडक मर्मतसम्भारकर्ता र नाइकेलाई पदबाट हटाउन समितिमा सिफारिस गर्ने ।

छ) सडक मर्मतसम्भारकर्तालाइ आवस्यक पर्ने औजार सामाग्रीको कार्यालयमा माग पेश गर्ने ।

च) सडक मर्मतसम्भारकर्तालाई कार्यक्षेत्र तोकिदिने ।

ज) सडक मर्मतसम्भारकर्ताको कार्यबिबरण तयार गरि सोही बमोजिमको भुक्तानीको लागि कार्यलयमा सिफारिश गर्ने, यसरी सिफारिश गर्दा आधारभूत पारिश्रमिक बराबरको थप (नेपाल सरकारले तोकेको न्युनतम) पारिश्रमिक सम्मका लागि सिफारिश गर्न सकिने छ।

**७.सडक नाइके सम्वन्धि ब्यवस्था**

(१) ६ देखि १० जना सम्म सडक मर्मतसम्भारकर्ता परिचालनका लागि वडा प्राबिधिकको सिफारिशमा समितिले सडक मर्मतसम्भारकर्ता मध्येबाट सडक मर्मतसम्भारकर्ता नाइके नियुक्त गर्नेछ।

(२) सडक मर्मतसम्भारकर्ता नाइकेको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. सडक प्राबिधिकको सल्लाह बमोजिम सडक मरम्मतकर्ता परिचालन गर्ने ।

ख. सडक मर्मतसम्भारकर्ताको दैनिक हाजिरी रेकर्ड राख्ने ।

ग. सडकको मर्मतकार्य गुण्स्तरीय बनाउने ।

घ. सडक मर्मतसम्भारकर्ताहरु बीच सु - सम्वन्ध स्थापित गर्ने ।

ङ. सडक मर्मतसम्भारकर्ताहरु संग सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्दै स्वयमले समेत मर्मतसम्भारकर्ताको समेत कार्य गर्ने ।

च. सडक मर्मतसम्भारकर्ताहरुलाई आवश्यक पर्ने औजारको लागि वडा प्रबिधिक मार्फत औजार उपलव्ध गराउने

छ. समूहका औजारको सुरक्षा गर्ने,

**८. सडक मर्मतसम्भारकर्ताको योग्यता**

- नेपाली नागरिक १८ बर्ष उमेर पुरा भई ५० बर्ष ननाघेको
- साक्षर
- शररीक रुपमा तन्दुरुस्त रहेको
- रोजगार सेवा केन्द्र अन्तर्गत सूचिकृत हुनुपर्नेछ ।

**९. सडक मर्मतसम्भारकर्ताले सम्पादन गर्नुपर्ने कार्यहरु सडक मर्मतसम्भारकर्ताले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम हुनेछ ।**

- संरचना  मर्मत तथा सम्भार कार्य गर्ने ।
- सडक पहिरो तथा अवरोधको सफाई गर्ने ।
- माटो तथा ग्राभेल सतह नाली, खोल्सी आदिको मर्मत गर्ने,पानी निकासको प्रबन्ध, ढुङ्गाको सोलिङ्ग तथा ग्राभेल बिछ्याउने कार्य गर्ने ।
- सडकको सतह नाली, गल्छी आदिको मर्मत, काटिएको डिलको मर्मत, पानीको उचित निकास गर्ने ।
- सडक नालीको सफाई, भू-क्षय क्षेत्र सफाई तथा मर्मत गर्ने ।
- कल्भर्ट कल्भर्ट र यससंग सम्बन्धित संरचनाहरुको सफाई  तथा मर्मत गर्ने ।
- पुल पुलको सतह,पुलसंग सम्बन्धित संरचनाहरुको सफाई गर्ने ।
- सडक पेटी, नाली, भित्ता  घाँस तथा झाडी काट्ने सफाई गर्ने ।
- सडक चिन्ह वनाउने ।
- सडक फर्निचर   सफाई, मर्मत सम्भार तथासडक फर्निचर फेर्ने कार्य गर्ने ।
- पर्खाल, टेवा पर्खाल तथा अन्य सडक ।
- संरचनाहरु पानी बग्ने क्षेत्र, सडकको पर्खाल, साना तिना मर्मत तथा भू-क्षयको मर्मत गर्ने ।
- सडक अधिकार क्षेत्रमा वायो ईन्जिनियरिङ्ग व्यवस्थापन र वृक्षढारापेण गर्ने।

- अन्य कार्य यस बाहेक कार्यालयबाट खटी गएका सडक प्राविधिकले तोके बमोजिमका नियमित सार्बजानिक मर्मत सम्भार सम्बन्धी अन्य कार्यहरु गर्ने।

**१०.सडक मर्मतसम्भारकर्ताको पारिश्रमिकः**

क) सडक मर्मतसम्भारकर्ताको पारिश्रमिक करारनामामा उल्लेख गरे बमोजिम वा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

**११. सडक मर्मतसम्भारकर्ताको नियुक्ति र अवधि**

क) गाउँपालिकाले कम्तिमा ३ महिना र बढिमा १ आर्थिक बर्षका लागि मान्य हुनेगरि सडक मर्मतसम्भारकर्ता नियुक्त गर्ने छ।

ख) गाउँसभाले बिनियोजन गरेको सडक मर्मतसम्भारकर्ताको बजटे को सीमा भित्र रही गाउँकार्यपालिकाले सडक मर्मतसम्भारकर्ताको संख्या (दरवन्दी) कायम गर्नेछ

ग) गाउँकार्यपालिकाले कायम गरेको दरवन्दि बमोजिम सडक मर्मतसम्भारकर्ताको खुला बिज्ञापन गाउँपालिकाले गर्नेछ। सडक मर्मतसम्भारकर्ता वडा समितिको बैठकवाट छनोट गरि करार सम्झौताका लागि कार्यालयलाई सिफारिस गरि पठाउनेछ ।

घ) कार्यालयले यस कार्यबिधिको अनुसूची २ मा उल्लेख भए बमोजिमको ढाँचामा करारनामा गरी सडक मर्मतसम्भारकर्तालाई नियुक्ति दिनेछ ।

**१२.सडक मर्मतसम्भारकर्ताले पालना गर्नुपर्ने आधारभूत शर्तहरुः** सडक मर्मतसम्भारकर्ताले पालना गर्नुपर्ने आधारभूत शर्तहरु देहाय बमोजिम हुनेछ ।

क. नियमित सडक मर्मत सम्भार सदस्य (श्रमिक) ले काम गर्ने समयमा मादक पदार्थ सेवन गरेर काम गर्नु हुदैन । मादक पदार्थ सेबन गरेको प्रमाणित भएमा पदबाट स्वत हटाइनेछ ।

ख. दैनिक सडक नियमित मर्मत सम्भारगर्दा कार्यालयले उपलब्ध गराएका सेफ्टी ज्याकेट, झण्डा, पंजा, टोपी गमबुट र आवश्यकता अनुसार हेल्मेटको अनिवार्य प्रयोग गर्नुपर्नेछ ।

ग. नियमित सडक मर्मत सम्भार श्रमिकले कार्यालयबाट प्रदान गरिएको परिचय-पत्र अनिवार्य रुपमा प्रयोग गर्नुपर्छ ।

घ. दैनिक सडकमा नियमित मर्मत सम्भारको काम गर्दा दुर्घटना प्रति सजक र सतर्क भएर गर्नुपर्छ ।

ङ. नियमित सडक मर्मत सम्भार सदस्य (श्रमिक) ले तोकिएको कार्य गरिरहेको समयमा आफु दुर्घटना परेमा सडक प्राबिधिक वा वार्ड अध्यक्षलाई तुरुन्तै खबर गर्नपुर्नछे ।
च. वडा प्राबिधिक वा वडा अध्यक्षले दुर्घटनाको खबर सम्बन्धित कार्यालयलाई तुरुन्त गर्नुपर्नेछ ।
छ. पूर्वाधार विकास शाखा प्रमुखले सिफारिस पत्रका साथ दाबी फारम भरी क्षतिपूर्तिको लागि गाउँकार्यपालिकाको निर्णय बमोजिम आबश्यक कारवाही अगाडि बढाउनुपर्ने छ ।
ज. नियमित सडक मर्मत सम्भार श्रमिकले दुर्घटना भई अस्पताल लगिएको भए औषधोपचार गर्ने चिकित्सकले जाँचेको पूर्जि/रसिद, एक्सरे रिपोर्ट औषधी किनेको बिलको सक्कलप्रति सुरक्षित राख्नुपर्छ ।

## परिच्छेद - ४
## सडक मर्मतसम्भारकर्ताको छनौट

**१३.छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका सडक मर्मतसम्भारकर्ता कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः
क) सडक मर्मतसम्भारकर्ताको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची (२) बमोजिमको ढाँचामा कम्तीमा ७ (सात) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।
ख) आवेदन फारामको नमूना कार्यालयले तोके बमोजिम हुनेछ।
ग) आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।
ग) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा वडा समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नुपर्नेछ ।
क. शाररीक तन्दुरुस्ता वापतः ५० (पचास)
ख. कार्य अनुभव वापतः (२० (बीस) अंक (प्रति वर्ष ५ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।
ग. स्थानीय बासिन्दा (सडक नजिक) लाई पहिलो प्राथमिकता दिइनेछ।
घ. रोजगार सेवा केन्द्रमा सूचिकृत भएको १० अंक ।

घ. अन्तवार्तामा अधिकतम २० अंक।
यस अनुसार अकं प्रदान गर्दा न्युनतम ४० प्रतिशत र अधिकतम ७० प्रतिशत को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।तोकिएको सिमा भन्दा तल वा माथी अकं दिदा कारण खुलाउनु पर्ने छ । तोकिएको दरवन्दी भन्दा बढी आवेदन प्राप्त नभएको अवस्थामा वडा समितिले निर्णय गरी वडा सचिवको रोहवरमा गाउँपालिकामा सम्झौताको लागि सिफारिस गर्नेछ ।

**१४.सूचिकरणको विवरण प्रकाशन गर्ने ।**

१) दफा १३ बमोजिम अङ्क प्रदान गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुबाट वडा समितिको सिफारिसको आधारमा वडा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको क्षेत्र(मोटबाटो) आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

तर आवदेन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ ।

३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

**१५.करार गर्नेः**

१) कार्यालयले सूचिकृत गरेका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग वडा कार्यालयले अनुसूची १ बमोजिमको कार्य(विवरण सहित अनुसूची २ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ ।

३) उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

४) उपदफा (२) बमोजिम करार गरे पश्चात तोकिए बमोजिको पत्र कार्यालयले सडक मर्मतसम्भारकर्ता कर्मचारीलाई दिनुपर्नेछ ।

५) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिंदा वडा,क्षेत्र समेत तोकी काममा लगाउनु पर्नेछ ।

६) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि ३ महिना सम्म देखि १ बर्षका लागि (कार्यालयको आवश्यकता वमोजिम)मात्र करार गर्नु पर्नेछ । तर यस कार्यबिधि जारी भएको आर्थिक बर्षको हकमा बाकी समयको लागि करार सम्झौता गर्न बाधा पुगेको मानिने छैन ।

७) उपदफा (६) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता थप गर्न सकिनेछ ।

८) सडक मर्मतसम्भारकर्ता कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन ।

**१६.कार्य शर्त, पारिश्रमिक र अवधि**

१) यस कार्य्विधि बमोजिम सेवा करार सम्झौता गरिएका सडक मर्मतसम्भारकर्ता कर्मचारीको मासिक पारिश्रमिक करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२) कार्यालयले करारका सडक मर्मतसम्भारकर्ता कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

३) यस कार्यविधि बमोजिम सडक मर्मतसम्भारकर्ता कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हनका लागि कुनै पनि दाबी गर्न पाउँने छैन ।

४) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्ष भन्दा बढी हने छैन।

**१७.करार समाप्तीः**

१) यस कार्यवधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

२) करार सम्झौता गरिएको सडक मर्मतसम्भारकर्ता कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा कार्यालय प्रमुखले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

**१८. पोशकः** सडक मर्मतसम्भारकर्ताको पोशाकको रंग र किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१९. प्रारम्भिक पोशाक र सामानः प्रत्येक सडक मर्मतसम्भारकर्तालाई गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

## परिच्छेद ५

## विविध

### २०. सडक मर्मतसम्भारकर्ताको पारिश्रमिक भुक्तानी

सडक मर्मतकताहरुको मासिक ज्याला भुक्तानी ब्यक्तिगत बैंक खाता अनिवार्य रुपमा खोल्न लगाई उक्त खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिनेछ ।सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहील हुन आउने रकम दोश्रो पक्षलाई दिईनेछ ।

### २१. औजार तथा पेशागत सुरक्षा, स्वास्थ्यः

सडक मर्मतसम्भारकर्तालाई मर्मत सम्भार कार्यका लागि आवश्यक औजार, उपकरण तथा पेशागतसुरक्षाका सामाग्रीहरु कार्यालयबाट उपलब्ध गराइनेछ । कार्यालयले उपलब्ध गराउने औजार, उपकरण तथा पेशागत सुरक्षा र स्वास्थ्य सामाग्रीहरु तपसिलको तालिकामा उल्लेख भए बमोजिम हुनेछ । समूह सदस्यहरुले काम गर्ने समयमा अनिवार्य रुपमा आवश्यकता अनुसारका पेशागत, स्वास्थ्य र सुरक्षा सामाग्री लगाउनु पर्दछ।जस्तैः सुरक्षा भेष्ट, हेलमेट, मास्क, गमबुट, चस्मा, पञ्जा आदि र समूहकासदस्यहरुले साईटमा काम गरिरहको भन्ने पहिचान दिनको लागि झण्डा को अनिवार्य प्रयोग गर्नुपर्नेछ । प्राथमिक उपचारको बाकस साईटमा सधैं सुरक्षित रुपमा राख्नुपर्नेछ । सडक मर्मत समूहले प्राप्त गरेका सबै औजार तथा सुरक्षा सामाग्रीहरुको सुरक्षाको जिम्मेवारी स्वयं समूहले लिनुपर्ने छ । करारको अवधि अन्त्य भएपछि सम्पूर्ण सामाग्री कार्यालयमा बुझाउनुपर्नेछ र भाँचिएका वा बिग्रिएका औजारहरु फेर्नको लागि कार्यालय वा सम्बन्धित प्रतिनिधिलाई सुझाव दिनुपर्नेछ । सुरक्षा सामाग्री अनुसूची ४ बमोजिम हुनेछ ।

२२. तालिम तथा सुपरिवेक्षण कार्यालयले नियमित सडक मर्मतसम्भारकर्तालाई मर्मत सम्भार अन्तर्गत गरिने क्रियापलापहरु सम्बन्धी ज्ञान सिप सिकाउने उद्देश्यले आवश्यक तालीम उपलब्ध गराउनेछ । यस्ता तालीमहरु सडक मर्मतसम्भारकर्तालाई करार सम्झौतामा हस्ताक्षर गरे पश्चात कार्यालयले उपलन्ध गराउनु पर्नेछ । तालीममा करार सम्झौतामा उल्लेख भएका शर्तहरुको बारेमा बुझाउनु पर्नेछ । साथै भुक्तानी विधि, नियमित मर्मत सम्भार कार्यविधि, कार्ययोजना, औजार उपकरणको उपयोग विधि, पेशागत सुरक्षा, प्राथमिक उपचार र विमा सम्बन्धी विषयहरुमा जानकारी गराउनु पर्नेछ ।

२३. मासिक कार्य योजना प्रत्येक महिनाको शुरुमा गाउँपालिकाको पूर्वाधार विकास शाखाबाट खटिएका प्राविधिक सडक मर्मत सम्भार वडा प्राविधिक वा कार्यालयको प्रतिनिधिसंग छलफल गरी सोबाट कायम भए अनुसारको सडकको कुन-कुन खण्डमा के-के कार्यहरु सम्पादन गर्ने भनेर मासिक मर्मत संभार कार्ययोजना बनाइने छ । सबै सडक मर्मतसम्भारकर्ता सदस्यहरु परिचालन गरी कार्य योजना बमोजिमको कार्य महिनाको अन्तसम्ममा सम्पन्न गर्न सडक मर्मतसम्भारकर्ता जिम्मेवार रहनेछ ।

यसरी मासिक रुपमा तोकिएको कार्ययोजना अनुसारको मर्मत सम्भार सम्बन्धी कार्य हुननसकेमा मासिक ज्यालामा सम्पादन हुन नसकेको कार्यको ज्याला घटाइने छ ।

**२४. अनुगमन, निरीक्षण र कार्यसम्पादनाका सूचकहरु**

नियमित सडक मर्मत तथा सम्भारकर्ता बाट सम्पादन गरिएका कार्यहरुको नियमित निरीक्षण, अनुगमन सम्बन्धित प्राविधिक तथा कार्यालयबाट खटिएका प्राविधिकबाट गरिनेछ। यसरी निरीक्षण, अनुगमन गर्दा सम्पादन गरिएका कार्यहरुको गुणस्तर, परिमाण अनुसार भए नभएको नापजाँच गरी मुल्याङ्कन गरिनेछ । सडक मर्मतसम्भारकर्ताले मासिक रुपमा स्वीकृत कार्ययोजनामा उल्लेख भएको क्रियाकलापहरु आधार मानेर कार्य सम्पादन गर्नुपर्नेछ । सम्पादन भएको कार्यको परिमाण र गुणस्तर तोकिए बमोजिम नभएको खण्डमा सम्पादीत कामको परिमाण तोकिएको गुणस्तर बमोजिम भए नभएको नापजाँच गरिसके पश्चात मात्र सम्पादीत कामको भुक्तानी हुनेछ। कार्ययोजना अनुसार तोकिएको कार्य सम्पादन नगर्ने सडक मर्मतसम्भारकर्ता लाई प्रथम पटक चेतावनी दिईनेछ।यसरी पटक पटक कार्ययोजनामा उल्लेख भएको क्रियाकलाप अनुसार कार्य सम्पादन नगर्ने सडक मर्मतसम्भारकर्ताको करार सम्झौता भङ्ग गरिनेछ ।

**२५. कार्यसम्पादनका मापदण्ड**

सम्झौतामा उल्लेख भए अनुसार कार्यालयका सम्बन्धित प्राविधिकले कार्य सम्पन्न भए पश्चात सडक नियमित मर्मत सम्भारमा तोकिएको गुणस्तर बमोजिम भए नभएको चेकचाँच गर्नेछ । नियमित सडक मर्मत सम्भार समूहले सम्पन्न गरेको गुणस्तरीय कार्यको सम्बन्धित प्राविधिकले नापजाँच, मूल्याङ्कन प्रतिबेदन प्रमाणित गरे पश्चात भुक्तानी दिइनेछ।तोकिएको गुणस्तर कायम नभएको र मासिक कार्ययोजनामा उल्लेख भए अनुसारको परिमाण बमोजिम कार्य नभएको भए त्यस्तो गुणस्तरहिन कार्यको भुक्तानी सडक मर्मतसम्भारकर्ता लाई हुने छैन। कार्यसम्पादनका मापदण्डः अनुसूची ५ बमोजिम हुनेछ।

**२६. गाउँपालिका कार्यालयको जिम्मेवारी**

क. कार्यालयले सडक मर्मत-सम्भार सम्बन्धी कार्यहरुको कार्यान्वयन गर्ने प्रक्रियामा समूहलाई आवश्यक प्राविधिक तथा सामाजिक परिचालनका लागि आवश्यक सहयोगको व्यवस्थागर्नेछ ।

ख. कार्यालयले सम्बन्धित सडकमा प्रतिनिधि पठाइ वा कार्यालयमा नै समूह प्रतिनिधि संग नियमित सडक मर्मत सम्भार समुह संग सम्झौता गर्नेछ ।

ग. कार्यालयले सम्पूर्ण सडक मर्मत संभार सदस्यको बंकै खाता खोल्न सहयोग गर्नुपर्नेछ ।

घ. छनौट भएका मर्मत–सम्भार योजनाको कार्यहरुको प्रभावकारी कार्यान्वयन तथा गुणस्तर कायम गर्ने सम्बन्धमा आवश्यक समन्वय, निरीक्षण, सुपरिवेक्षण, नियन्त्रण, नाप जाँच, अनुगमन र आवश्यक निर्देशन कार्यक्रमसंग सम्बन्धित प्राविधिक एवं कार्यालयबाट खटी गएका प्राविधिकहरुबाट दिनुपर्नेछ ।

ङ. कार्यालयले मर्मत–सम्भारको लागि आवश्यक गुणस्तरयुक्त सुरक्षाका सामाग्रीहरु, औजारहरु र अन्य सेवा खरिद गरी समूहलाई प्रदान गर्नेछ ।

६. सम्बन्धित सडकका लागि कार्यालयले तय गरेको नीति अनुरुप छनौट गरी सिफारिस भएर आएका समूहलाईकार्य शुरु हुनु भन्दा अगाडी सडकको आकस्मिक, नियमित तथा छड्के मर्मत सम्भार सम्बन्धी अभिमुखिकरण/तालीम सडक नियमित मर्मत सम्भार गर्ने स्थानमा नै दिने व्यवस्था गर्नछ ।

च. कार्यालयले सम्झौता अनुरुप कार्यसम्पादन सूचकहरुको आधारमा तयार गरिएको प्रतिवदे न तथा विलका आधारमा सडक मर्मतसम्भारकर्ताको पारिश्रमिक भुक्तानी दिनेछ । यदि

मासिक कार्ययोजना अनुरुप काम नभए गुणस्तर रुपमा काम हुन नसकेको परिमाण बराबर रकम घटाई भुक्तानी दिनेछ ।

छ. कार्यालयल आवश्यकता अनुसार सडक मर्मतसम्भारकर्तालाई रकम भुक्तानी सम्बन्धी खर्चको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

ज. कार्यालयले नियमित सडक मर्मत सम्भारकर्ता संग कुनै पनि अवस्थामा योजनासंग सम्बन्धित विल भर्पाइहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, निर्णय पुस्तिका आदि जाँच गर्न सक्नेछ।

झ.कार्यालयले सडक मर्मत-संभार सम्बन्धी कार्यहरुको कार्यान्वयन गर्ने सन्दर्भमा सडकमर्मतसम्भारकर्ता लाई आवश्यक प्राविधिक सहयोग तथा प्रत्यक्ष निरीक्षण अनुगमन तथा मूल्याङ्कनका लागि संघ र प्रदेशबाट खटि आएका टोलीलाई लाई जिम्मेवारी दिनुपर्नेछ।

ञ. सडक मर्मतसम्भारकर्ताले सम्झौता बमोजिम उल्लेखित मर्मत सम्भार सम्बन्धी कामहरु सन्तोषजनक रुपमा काम नगरेको पाईएमा कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ । बाँकी रहके ो कार्यहरु कार्यालयले अन्य मर्मत सम्भार श्रमिक नियुक्त गरी सडकको नियमित मर्मत सम्भारको कार्य गराउन सक्नेछ ।

ट. दुर्घटना अन्तर्गत व्यहोरिने जोखीमहरु जस्तैः मृत्यु, स्थायी अशक्तता, स्थायी अशक्तताको लागि क्षतिपूर्ति, अस्थायी पूर्ण अशक्तता, औषधोपचार खर्च, हलु दगां द्वेषपूर्ण कार्य/आतंक आदि कारण बाट भएको क्षतिको क्षतिपुर्ती गाउँकार्यपालिकाको निर्णय बमोजिम हनु ेछ ।

ठ.यसमा उल्लेख नभएका कुराहरु नेपाल सरकारको प्रचलित ऐन, कानून अनुसार हुनेछ ।

२७. बाधा अड्काउ फुकाऊः मल्लरानी गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत सडक मर्मतसम्भारकर्ताहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ ।यो कार्यबिधि लागु हनु भन्दा अगाडी नियक्त भएका सडक ममर्तकर्ता (श्रमिक) हरुको हकमा यसै कर्यबिधि बमोजिम भएको मानिनेछ।यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाको निर्यायि बमोजिम हुनेछ ।

२८.कार्यविधि संशोधन यस कार्यविधिमा आवश्यक संशोधन मल्लरानी गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूची (१)**

मल्लरानी गाउँपालिका ,

गाउँकार्यपालिकको कार्यालय

खलंगा प्यूठान

लुम्बिनी प्रदेश नेपाल

**कार्य विवरणको नमुना**

सडक मर्मतसम्भारकर्ताको नामः

सडक मर्मतसम्भारकर्ताको  बाबु वा आमाको नामः

ठेगाना

सम्पर्क नं

काम गर्नुपर्ने स्थानः

सुपरिवेक्षकः

प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

कार्य विवरणः

१.

२.

३.

४.

५.

६

## अनुसूची (२)

मल्लरानी गाउँपालिका ,

गाउँकार्यपालिकको कार्यालय

खलंगा प्यूठान

लुम्बिनी प्रदेश नेपाल

(सुचना प्रकाशित मिति २०८...../../..)

मल्लरानी गाउँपालिका को भौतिक पुर्वाधार शाखामा रहने गरी सडक मर्मत तथा सडक मर्मतसम्भारकर्ता (लेन्थवर्कर्स) पद को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र दिनको २:०० बजेसम्म रु. ..... (...... मात्र) राजस्व तिरेको रसिद सहित दरखास्त दिन हनु सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य- विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट बाट उपलब्ध हुनेछ

पद, नाम, संख्या

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता – साधारण लेखपढ गर्न सक्ने

३. अनुभवको हकमा सम्बद्ध कार्यमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको ।

४. १८ वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको हुनुपर्ने ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्नेः

क) उम्मेदवारको व्यक्तिगत विवरणसहितको निबेदन

ख) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

घ) अनुभवको प्रमाणित प्रतिलिपि नोटः पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

ङ) रोजगार सेवा केन्द्रमा दर्ता भएको दर्ता प्रमाणपत्र

## अनुसूची (३)

करार सम्झौताको ढाँचा

## करार सम्झौता

मल्लरानी गाउँपालिका को कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ....................जिल्ला, ................... गाउँपालिका/नगरपालिका, वडा नं. ..... बस्ने श्री ...................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच मल्लरानी गाउँपालिका को ............................. को कामकाज गर्न गराउन मिति २०८ / / को निर्णय अनुसार देहायका कार्यरशर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एकरएक प्रति आपसमा बुझि लियौं दियौं ।

१.कामकाज सम्बन्धमा दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नुपर्नेछ ।

२.काम गर्नु पर्ने स्थानः..................................................।

३.करारमा काम गरे बापत पाँउने पारिश्रमिक प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु.............. (अक्षरेपी रु. ............... पारिश्रमिक उपलब्ध गराउनेछ ।

४.आचरणको पालनाः दोश्रो पक्षले गाउँपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई

करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार ..........।........।..........देखि लागु भई ............ मसान्त सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हनु सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ यदि सो मन्दा बढी सेवा दिन नसकेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बारम्बार उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टाअर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैनरगर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१३.यस सझौता साथ संलग्न सम्पादन गर्नुपर्ने कार्यबिबरण र कार्यसम्पादनको स्तर मापदण्ड यसै करारको अभिन्न अगं मानिनेछ ।

पहिलो पक्ष (गाउँपालिकाको तर्फबाट)

दोस्रो पक्ष (करार गर्ने व्यक्ति)

कार्यालयको छाप
मितिः

रोहवर (वडा सचिव)

## अनुसूची (४)
## सुरक्षा सामाग्री

सुरक्षा सामाग्री उद्देश्य परिमाण, संख्या

चेतावनी झण्डा (दुई वटा) कामदारहरु अगाडि काम गरिरहेको सूचना दिन १

समुहमा सुरक्षा भेष्ट कामदारहरुलाई सडक मर्मत समूहको रुपमा पहिचान गर्न १

हेलमेट र टोपी टाउको बचाउन १

मास्क धुलो वा ढुङ्गाको टुक्राबाट बच्न १

रेनकोट काम गर्दा पानीबाट बचाउन प्राथमिक उपचारको बाकस १

चोटपटक लाग्दा प्राथमिक उपचार गर्न १

समुहमा पञ्जा हातको सुरक्षाको लागि १

चस्मा आंखा सुरक्षित राख्न १

व्याग डोर हाजिरा, सम्झौता पत्र तथा अन्य सामान राख्नको लागि समूहमा १

हाते पम्प ठेला गाडाको टायरमा हावा हाल्न समुहमा १

कपडाको जुत्ता/बुट काम गर्दा खुट्टाको सुरक्षा गर्न

## अनुसूची ५

## कार्यसम्पादनको स्तर (Performance Standards)

१.सडक सतह, सोल्जर वा सडक नालीहरुमा ५ घ.मी. भन्दा कम साईजका पहिरोहरु वा अन्य कुनै पनि अवरोधहरु हुनुहुँदैन। यदि ५ घ.मी. भन्दा ठूला साईजका पहिरोहरु भए सम्बन्धित कार्यालयमा तत्काल सूचना दिनुपर्नेछ । सडकमा सहज रुपमा गाडीहरु चल्न सक्ने हनुपर्छ भने पानी सडकमा बगेको हनुहुँदैन ।

२.धुलो वा ग्राभेल सतह (सडकमा ६० से.मी. भन्दा ठूला खाल्डा, १५ से.मी. भन्दा गहिरा लिग, रिल्स, खाल्डाखुल्डी र गल्लीहरुका साथै कोरुगेसनको उचाईको फरक ७ से.मी. भन्दा बढी हुनुहुंदैन।ग्राभेल सतहको मर्मतको सन्दर्भमा उपयुक्त ग्राभेलजन्य बस्तुहरु प्रयोग गर्नुपर्छ।लम्बाईतिर भू–क्षयको सन्दर्भमा नियमित फरक दुरीमा छड्के नालीहरु बनाउंनुपर्छ जस्ले गर्दा सडकबाट पानी सुरक्षितसंग बाहिर पठाउन सकियोस। जहाँ सडक सतहबाट पानी बाहिरिन्छ त्यहाँ ढुङ्गा छापिएको ड्रिफ्ट बनाउनुपर्ने हुन्छ ।ढुङ्गा छाप्ने सन्दर्भमा कुनै ढुङ्गा बाहिर नआई खेर नजाओस भन्ने उद्देश्येले राम्रोसंग जमीनमा गाड्नुपर्नेछ । यसले गर्दा पानी न त सडकमा बग्छ न त सडक सतहमा रहन्छ।

३. कालोपत्रे सतह (सडकमा ३० से.मी. फराकिलो र १० से.मि. भन्दा गहिरोखाल्डा हुनु हुदैन प्रति कि.मी लम्बाईमा ५ मी. भन्दा बढी सतहमा सिल नगरिएको क्रयाक हुनु हुदैन ।

४. सडक सोल्जर( सोल्जरमामा ३०/१०से.मी. भन्दा ठूला खाल्डा, १०से.मी. भन्दा गहिरा लिग र रिल्स् हुनुहुंदैन। यसले गर्दा पानी न त सोल्जरमा बग्छ न त सडक सतहमा रहनेछ ।

५.नालीहरु सडक नालीको कुनै पनि भाग वा बिन्दुमा एक चौथाई भन्दा कम क्रस सेक्सनको क्षेत्रफल बन्द भएको हुनुपर्छ। नालीको चौडाई कम्तीमा १५ से.मी. र सडक सतह मुनि कम्तीमा १० से.मी. गहिराई हुनुपर्छ । नालीको पिंध तिखो हुनु हुँदैन र यसको व्यवस्थित निकास हुनुपर्छ। साइर्ड नालीबाट पानी बिना रोकावट बग्नुपर्छ र नालीमा कुनै पनि भू–क्षय हनुहुँदैन । पानी सडक र सोल्जर सतहमा बग्नु हुंदैन ।

५. कल्भर्टहरु कुनै पनि विन्दुमा कल्भर्टको उचाईको एक चौथाई भन्दा कम भाग अवरोध भएको, भित्रि र बाहिरी भाग सफा, पानी बिना अबरोध बग्ने सक्ने र कल्भर्टको भित्री र बाहिरी भागमा भू–क्षय नभएको हुनुपर्छ । कल्भर्ट व्यासको कम्तीमा एक चौथाई कल्भर्ट माथि व्याकफिल (माटो) भएको हनुपर्छ ।

७. पुलको सतह सफा हुनुपर्नेछ। पुलको कुनपनि भाग वा बिन्दुमा एक चौथाई भन्दा कम क्रस सेक्सनको क्षेत्रफल बन्द भएको हनुपर्छ भने पुलका दवै पट्टिको भागमा ५ मीटर सम्मको क्षेत्रफलसम्म कुनै पनि किसिमको अवरोध हुनु हुंदैन । पुलमुनि पानी सजिलैसंग बग्न सक्ने हुनुपर्छ र पुल संरचनाको कुनै पनि भू–क्षय भएको हुनु हुंदैन।

८. झारपात सडकको १ मीटर भित्र ३० से.मी. भन्दा कम उचाइको झारपात (विरुवा बाहेक), सडक माथि फैलिएका झारपात वा विरुवा सडकको सतह भन्दा कम्तीमा २.५ मीटर माथि र पानी सडक सतहमा बग्दा कुनै रोकावट नहने खालको हुनुपर्छ । स्लोप (छड्के सतह) मा रहके ा झारपातहरु बेलाबेलामा छोटो हुने गरी काट्नु पर्छ तर पुरै हटाउंनु हुंदैन ।

९.

ट्राफिक चिन्हहरुर सडक फर्निचर ९त्चबााष्अ कष्नलक बलम चयबम ागचलष्तगचभ०( सबै ट्राफिक चिन्हहरु र सडक फर्निचरहरु सफा र पढ्न सकिने खालको हुनुपर्छ । चिन्ह भएका खम्बाहरु सिधा र राम्रोसंग जमीनमा गाडिएको हुनुपर्छ । कुनै खराब भएका र हराएका चिन्हरुको बारेमा कार्यालयमा तत्काल सूचना दिनुपर्नेछ ।

१०. रिटेनिङ्ग⁄पर्खालहरु र संरचनाहरु रिटेनिङ पर्खालहरु तथा संरचनाहरुको बलियोसंग रहनुको साथै यिनीहरुको पछाडीको क्षेत्र राम्रोसंग कसिएको हनु पर्छ । रिटेनिङ पर्खालहरुमा कुनै पनि किसिमका खुकुला ढुङ्गाहरुका साथै अन्य वस्तुहरु खराबी नहुनुको साथै विपहोलहरु सफा हुनु पर्छ । रिटेनिङ्ग पर्खालहरु र संरचनाहरुको पिंधको भाग भू—क्षयद्वारा खियाई खराब गरेको हुनु हुंदैन । रिटेनिङ्ग पर्खालहरु र संरचनाहरुमा कुनै ठूलो किसिमको खराबी भए कार्यालयमा सूचना गर्नुपर्नेछ ।

स्लोपहरु (छड्के सतहहरु) (सम्भावित भू—क्षयबाट क्षति हुन सक्ने स्लोपहरु र सोल्जरहरुमा झारपात बस्तुहरु रोपिन्छ। विरुवाहरु सुक्नु हुँदैन र माटोमा राम्रोसंग सरेको हुनुपर्छ । स्लोपहरुमा खकुलो ढुङ्गाहरु वा अन्य वस्तुहरु हुनु हुँदैन ।

कार्यालयले नियमित सडक मर्मतसम्भारकर्तालाई मर्मत सम्भार अन्तर्गत गरिने क्रियापलापहरु सम्बन्धी ज्ञान सिप सिकाउने उद्देश्यले आवश्यक तालीम उपलब्ध गराउनेछ । यस्ता तालीमहरु सडक मर्मतसम्भारकर्तालाई करार सम्झौतामा हस्ताक्षर गरे पश्चात कार्यालयले उपलन्ध गराउनु पर्नेछ।तालीममा करार सम्झौतामा उल्लेख भएका शर्तहरुको बारेमा बुझाउनु पर्नेछ।साथै भुक्तानी विधि, नियमित मर्मत सम्भार कार्यविधि, कार्ययोजना,औजार उपकरणको उपयोग विधि, पेशागत सुरक्षा, प्राथमिक उपचार र विमा सम्बन्धी विषयहरुमा जानकारी गराउनु पर्ने छ।